म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १८ २०८० मंसिर १९ गते मंगलबार 5 December 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# भारतमा बेचिएका हेटौंडाका दिदीबहिनीले पाएनन् न्याय

*एक्कासी हराएका छोरीहरु घरमा आइपुग्दा आमा चकित भइन् । त्यसपछि आमाले छोरीहरुलाई लिएर जिल्ला प्रहरी कार्यालय मकवानपुरमा गइन् । प्रहरीले थप परामर्श गर्नुपर्छ भनेर उनीहरुलाई बाल हेल्पलाइनमा पठायो । लगभग एक महिनापछि मात्रै उनीहरुले खुलेर सबै कुरा बताउन थालेको बालहेल्पलाइनकी अधिकृत अधिकारीले बताउनुभयो ।*

समाज संवाददाता

हेटौंडाः गत बैशाख ८ गते हेटौंडाका दुई बालिका भारतमा बेचिन पुगे । बेचिएका उनीहरुको नाता दिदीबहिनी हो । बेचबिखनमा परेकी दिदी १५ वर्षकी र बहिनी १२ वर्षकीमात्र थिइन् ।

अन्जानका व्यक्तिसँग दाजुबहिनीको नाता जोडिन पुगेपछि उनै दाजु भन्नेबाट नै उनीहरु बेचिन पुगेका हुन् । जेठ महिनामा जिल्ला प्रहरी कार्यालय मकवानपुरमा आमाले आफ्ना हराएका दुई छोरी खोजी गर्न निवेदन दिएका थिए । बाल हेल्पलाइन मकवानपुरका अधिकृत सम्झना अधिकारीका अनुसार यस घटनामा गिरोहको समूह नै लागिपरेको छ । १५ वर्षीया दिदीचाहिँ काठमाडौंको होटलमा काम गर्थिन् । होटलमा काम गर्ने दौरानमा दुईजना केटाहरु रमेश र उमेशसँग चिनजान भयो । रमेशले आफ्नो पोखरामा १२-१३ तल्लाको घर छ भनेर बालिकालाई सुनाए । कुरा गर्दै गर्दा ती बालिका र रमेश एउटै थरको भएकाले रमेशले उनलाई तिहारमा मलाई टीका लगाउनुपर्छ भने ।

ती बालिकाले पनि आफ्नो दाइ नभएकाले रमेशलाई दाइकै रुपमा सोच्न थालिन् । रमेशले आफ्नो पनि दिदीबहिनी नभएको र उनको पनि दाजुभाइ नभएपछि दाजुबहिनी भनेर नाता जोडे । रमेश काठमाडौंको एउटा गेष्ट हाउसमा बस्दै आएका थिए । रमेशले १५ वर्षीया बालिकालाई आफ्नो कोठामा भेट्न बोलाएका थिए । त्यहाँ रमेश मात्रै थिएनन्, उनका साथी उमेश पनि थिए । रमेशले उमेशलाई आफ्नै गाउँको साथी भनी बालिकालाई परिचय गराए ।

रमेश गत बैशाखमा ती बालिकाको घर हेटौंडासमेत आएका थिए । बालिका पनि मातातीर्थ औंसीमा आमाको मुख हेर्छु भनेर आफू काम गर्दै आएको होटलबाट बिदा मागेर आएकी थिइन् । उनीहरु दुई दिन बसेर काठमाडौं फर्किने क्रममा दिदीले आफ्नी १२ वर्षीया बहिनीलाई काठमाडौं घुमाउन लान्छु भनेर लगिन् ।

काठमाडौं पुगेपछि रमेशले दिदीबहिनीलाई पोखरा घुमाइदिन्छु भने । त्यसपछि दिदीले म मेरो कपडाहरु लिएर आउँछु र मोबाइल पनि बनाउनु छ भनेर आफू काम गर्ने होटलमा गइन् । रमेशले कपडा किनिदिने भन्दै बहिनीलाई लिएर गए । दिदीले बहिनीलाई भेट्न जाँदा कपडा किनिरहेको भनेको ठाउँ र रमेश बस्दै आएको होटलमा समेत नभेटेपछि दिदी आफूले काम गर्ने होटलमै आइन् । भोलिपल्ट रमेश र उमेशलाई भेटेपछि पोखरा जाने सल्लाह भयो । दिदीबहिनीसहित ४ जना पोखरा जान हिँडे पनि उनीहरु नारायणगढ झरेर बुटवल गए ।

बुटवलमा बसेर भोलिपल्ट बिहान उनीहरु भ्यानमा चढे । भ्यानमा अरु केटा मान्छेहरु थपिए । भ्यानमा रमेश गएनन्, उमेश र अरु केटाहरु थिए । अलि पर पुगेर अस्पतालअगाडि भ्यान रोकिएपछि रमेश दाइ किन नआएको भनेर दिदीबहिनीले सोधे । उसको काम छ, पछि आउँछ अनि भेट्छ भनेर उनीहरुलाई दिइयो ।

एक छिनपछि बुलेट बाइकमा इन्डियन हुलियाका केटा आए । त्यसपछि उनीहरुलाई त्यो अंकलसँग परसम्म जाउ, हामी पनि आउँछौं भनियो । कतै चेकिङतिर पऱ्यो भने हामी यतैको मान्छे हो, घुम्न आएको भनेर भन्नु भनियो । त्यसपछि त्यो बाइकवालाले बोर्डरसम्म उनीहरुलाई पुऱ्याएर छोडिदिए । त्यसपछि भारतबाट एउटा गाडी आएको र मुखमा सुँघाएको मात्र बालिकाहरुले चाल पाएका थिए । होसमा आएपछि तिमीहरु भारत आइपुगेका छौ, केही डर नमान्नु, घुमेर फर्कौंला भनियो । उनीहरुले दाइहरु खोइ ? भनेर सोध्दा आउँछ भन्ने जवाफ दिएरमात्रै टारे । त्यसपछि गाडीवालाहरु हामी खाना खान जान्छौं, तिमीहरुलाई यहीं ल्याइदिन्छौं भन्दै गाडीबाट निस्क्यो भने यहाँको मान्छेले मार्छन् भनेर बालिकाहरुलाई डर देखाए ।

त्यसपछि त्यहाँ अर्को एक पात्र थपियो । उनीहरुकै सेटिङमा एउटा नेपाली महिला त्यहाँ बालिकाहरु भएको ठाउँमा आइन् । उद्दार गर्ने मान्छेजस्तो बनेर तिमीहरु यहाँसम्म कसरी आइपुग्यौ ? भनेर ती महिलाले बालिकाहरुलाई सोधिन् । त्यसपछि दिदीबहिनीले उनीसामु दुःख बिसाए र आफ्ना कुरा भने । ती महिलाले म तिमीहरुलाई सहयोग गर्छु भनेर आफ्नो कोठामा लगिन् । दिदीबहिनीलाई ती महिलाले ३ रात आफ्नो कोठामा राखिन् । बहिनीलाई रुघा लागेको थियो । बहिनीलाई हेरचार गरेकोजस्तो नाटक गरेर औषधी ल्याएर खुवाइन् ।

दिदीलाई तिमी ठूली भइसक्यौ, घर फर्किनुपर्छ, तिमीहरुलाई खर्च पनि चाहिन्छ भन्दै ती महिलाले काम मिलाइदिन्छु भनेर यौन शोषण गर्ने ठाउँमा लिएर गइन् । ती महिलाले तिमीले काम गर्ने ठाउँ यहि हो भनेर उनलाई छोडेर हिँडिन् । त्यो ठाउँमा सबै भारतीयमात्रै थिए । बालिकाले हिन्दी भाषा बुझ्ने तर बोल्न अलि नजान्ने भएपछि कुराकानी गर्न समस्या भइरहेको थियो । काम गर्ने ठाउँमा बालिकालाई यौन सम्पर्कका लागि तयार हुन भनियो । बालिका दिनरात रोएर बसिन् । बहिनीलाई भने महिलाले बच्चा हेर्ने काम लगाएकी थिइन् ।

दुई महिनाको अवधिमा दिदी र बहिनीको भेटघाट र बोलचालसमेत हुन पाएन । त्यस ठाउँमा पुऱ्याएकी महिलाले यो केटीले यहाँ काम गर्न सक्दैन भन्दै काम गर्न कर्नाटक पठाइन् । उनलाई कर्नाटकसम्म लैजाने महिलाले नै बहिनीलाई आफ्नो घरमा बच्चा हेर्न राखेकी थिइन् । उनले ती महिलालाई आफ्नो व्यथा सुनाइन् । हामी दिदीबहिनीलाई यसरी यहाँसम्म ल्याएको र बहिनी हराइरहेको दिदीले बताइन् । ती महिलालाई दिदीले आफ्नो बहिनीको बारेमा सोधखोज गरेपछि महिलाले थाहा भयो भने भन्छु भनिन्, बहिनी मसँग छिन् भनेर बताइनन् ।

एकदिन उनीहरुले आमाले रुँदै आफ्ना छोरीहरु हराएको भन्दै मिडियालाई बताएको भिडियो हेर्न पाए । बालिकाहरुको बारेमा मिडियामा समाचार सामग्री आइरहेको र विभिन्न संघसंस्थाहरु खोजीमा लागिराको छ भन्ने थाहा पाएपछि कर्नाटक लगेकी महिलाले तिम्रो बहिनी फेला पऱ्यो, तिमीहरु अब घर जानुपर्छ भनेर दिदीबहिनीको भेट गराइदिइन् ।

भोलिपल्ट बिहान ती महिलाले दिदीबहिनीलाई बसपार्क लगेर बसमा चढाइदिनु भन्दै अटोमा पठाइदिइन् । उनीलाई भारतीय १० हजार रुपैयाँसमेत दिएर पठाइन् । भारत पुगेदेखि नै उनीहरुको मोइबाल जफत गरिएको थियो । उनीहरुसँग कुनै परिचयपत्र थिएन । बोर्डरमा रोकेर चेक गर्दा परिचयपत्र नभएपछि रोकिएका दिदीबहिनीलाई नेपाल आउने बस ड्राइभरले नेपाली चेलीहरु रहेछन्, हामी जिम्मा लिएर नेपाल पुऱ्याइदिन्छौं भनेर ल्याइदिए ।

दिदीबहिनी असारको २० गते घर आइपुगे । एक्कासी हराएका छोरीहरु घरमा आइपुग्दा आमा चकित भइन् । त्यसपछि आमाले छोरीहरुलाई लिएर जिल्ला प्रहरी कार्यालय मकवानपुरमा गइन् । प्रहरीले थप परामर्श गर्नुपर्छ भनेर उनीहरुलाई बाल हेल्पलाइनमा पठायो । लगभग एक महिनापछि मात्रै उनीहरुले खुलेर सबै कुरा बताउन थालेको बालहेल्पलाइनकी अधिकृत अधिकारीले बताउनुभयो । त्यो बेलामा उनीहरु डराउने र कम बोल्ने प्रकृतिका भइसकेका थिए ।

बालिकाहरुसँग घटना विवरण लिएर बाल हेल्पलाइनले एउटा प्रतिवेदन बनायो । अधिकृत अधिकारीका अनुसार ती बालिकाहरुले प्रयोग गरेको सिम र कल डिटेल माग गर्न प्रहरीलाई भनियो । कल डिटेलमा अलि अगाडिको मितिको डिटेलमात्र आएको उहाँको भनाइ छ । अगाडिको कल डिटेल हेरेर पटक-पटक सबैभन्दा बढी कुराकानी भएका नम्बरमा फोन गर्दा ती नम्बरहरु स्वीच अफ गरिएको उहाँले बताउनुभयो । काठमाडौंमा उनीहरु बस्ने होटलवालासँग ती केटाहरुको पहिचान खुल्ने कुनै कागजपत्र झिकाउन प्रयास गरे पनि अझै सफल हुन सकेको छैन ।

जिल्ला प्रहरी कार्यालयमा आफ्ना छोरीहरु बेचबिखन गर्नेविरुद्ध आमा उजुरी हाल्न गइन् । अनुसन्धान गर्दै जाँदा १५ वर्षीया बालिकालाई आफ्नै दिदीले काठमाडौंमा पनि होटलमा काममा लगाएकी थिइन् । दिदी भन्ने उनकी आमाकी पहिलो श्रीमानपट्टिकी छोरी हुन् । उनै दिदीको संलग्नतामा यस्तो भएको आशंका हुन थाल्यो । त्यसपछि आमाले प्रहरीमा जाहेरी दिनबाट पछि हटिन् । छोरीले काठमाडौं प्रहरीमा पनि बहिनीहरु हराएको भनेर निवेदन दिएकी थिइन् । आमा उजुरी हाल्न पछि हटेपछि प्रहरीले जाहेरीको जिम्मा लिएन । बालिकाकी बुबाचाहिँ अत्यधिक मदिरा सेवन गर्ने गरेको र अहिले छोरीहरुलाई केही मतलब नराख्ने गरेको बताइएको छ । परिवारकै सदस्य प्रतिवादी हुने भएपछि परिवार हच्किएको छ भने प्रहरीले वास्तविक दोषीलाई पक्राउ गर्न अग्रसरता देखाएको छैन ।

## जिसस मकवानपुरको वार्षिक समीक्षा

# नदिजन्य पदार्थको राजश्वमा सबै पालिकाको समस्या




*जिससद्वारा सम्मानित व्यक्ति तथा संस्थाका प्रतिनिधिहरु ।*

समाज संवाददाता

हेटौंडाः जिल्ला समन्वय समिति (जिसस) मकवानपुरको वार्षिक समीक्षा कार्यक्रम सोमबार हेटौंडामा भएको छ । समीक्षामा जिल्लाका १० वटै स्थानीय तहको सहभागिता रहेको थियो ।

स्थानीय तहहरुले गरेका काम, काम गर्दा आएका समस्या र आगामी दिनमा स्थानीय तहले गरेका अपेक्षाका बारेमा प्रस्तुतीकरण गरेका थिए । सबै पालिकाको प्रस्तुतीमा नदिजन्य पदार्थको राजश्व संकलनमा समस्या औंल्याइएको थियो । नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको कार्य नियमित सञ्चालनमा रहे पनि सञ्चार माध्यमले एकतर्फीरुपमा समाचार प्रकाशन गर्नाले काममा असहज भएको भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले बताउनुभयो । मकवानपुरका स्थानीय तहका मुख्य राजश्व संकलन नै नदिजन्य पदार्थ भएको बताउनुहुँदै काम चलिरहँदा अख्तियारमा उजुरी पर्ने जस्ता समस्याले काममा समस्या आउने गरेको उहाँले गुनासो गर्नुभयो ।

संघीय कानुनसँग बाझिदा काम गर्न समस्या भएको स्थानीय तहहरुले उल्लेख गरेका छन् । संघीय ऐन, प्रदेश ऐन र स्थानीय ऐनमा तालमेल हुन नसकेकोले समस्या आएको स्थानीय तहको गुनासो रहेको छ । संघीय सरकारले विकास निर्माणको कममा उपभोक्ता समितिलाई काममा लगाउने तर बजेट समयमा नपठाउँदा स्थानीय तहका जनप्रतिनिधिहरुलाई समस्या परेको समेत अध्यक्ष लामाले बताउनुभयो ।

समीक्षा कार्यक्रममा ११ जनालाई सम्मान गरिएको छ । समाजसेवीतर्फ थाहा नगरपालिकाका यादवजंग रायमाझी, सहकारीतर्फ जनसेवक कर्मचारी उपभोक्ता सहकारी संस्था लिमिटेड, श्रमिक साना किसान कृषि सहकारी संस्था लिमिटेड, गैससतर्फ हेटौंडा उमपहानगरपालिकाको ग्रामीण जीवनस्तर सुधार मञ्च, कर्मचारीतर्फ कैलाश गाउँपालिकाका अनमी आशा कुमारी गुरुङ झा, बकैया गाउँपालिकाका मनिषा पराजुली, जिसस मकवानपुरका अमृता खनाल सम्मानित हुनुभएको छ । यस्तै, खेलतर्फ कराँतेमा थाहा नगरपालिकाका मान सिं दोङ, सामुदायिक वन मनहरी मकवानपुरका सिमपानी देवकोट समुदायिक वन उपभोक्ता समिति, शिक्षातर्फ इन्द्रसरोवर गाउँपालिकाको चन्द्र आधारभुत विद्यालय र साना किसान महिला उद्यमीतर्फ गीता मैनाली सम्मानित हुनुभएको छ ।

बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्री बहादुर सिं लामाको प्रमुख आतिथ्य तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एका लाल श्रेष्ठ, प्रेम बहादुर पुलामी, प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेढाई, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सिताराम रिजाल, सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक अनिल कार्की, स्थानीय तहका प्रमुख, उपप्रमुख, कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# कानुन निर्माण गर्दा क्षेत्र छुट्याउन आवश्यकः मन्त्री लामा



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिं लामाले कानुन निर्माण गर्दा विषयगत क्षेत्र छुट्याउन आवश्यक रहेको बताउनुभएको छ । सोमबार जिल्ला समन्वय समिति मकवानपुरले हेटौंडामा आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

संघीय, प्रदेश र स्थानीय सरकारको ऐन बाझिँदा काम गर्न असहज भएको भन्दै स्थानीय तहका जनप्रतिनिधिले समस्या राखेपछि उहाँले यस्तो बताउनुभएको हो । ऐन कानुन निर्माण गर्दा आरोप-प्रत्यारोप गर्ने काम भइरहेको बताउँदै क्षेत्रगतरुपमा कानुन निर्माण गर्न आवश्यक रहेको मन्त्री लामाले औंल्याउनुभयो ।

हरेक सरकारको आफ्नै समस्या र विशेषता भएकाले सबै सरकार समन्वयकारी ढङ्गले अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । देशमा भूकम्प, रुस र युक्रेनको युद्ध र कोभिड-१९ को महामारीले आर्थिक अवस्था खस्केकाले त्यसको असर समग्र देशलाई पर्ने मन्त्री लामाले बताउनुभयो । आर्थिक मन्दीले बागमती प्रदेशमा ३७ प्रतिशत कुल ग्राहस्थ उत्पादनमा असर परेको बताउँदै प्रदेश सरकार उत्पादनमा कमजोर भएको उहाँको भनाइ छ । बागमती प्रदेश सरकारको आम्दानीको स्रोत ११ प्रतिशतमात्र रहेकाले प्रदेश सरकार आम्दानीमूलक क्षेत्रमा लगानी गर्न लाग्ने बताउनुभयो । स्थानीय तहको राजस्व आम्दानीको स्रोत नै नदीजन्य पदार्थ भएकाले सहमतिमा अगाडि बढ्नुपर्नेमा मन्त्री लामाले जोड दिनुभयो ।

कार्यक्रममा प्रदेशसभा सदस्य एका लाल श्रेष्ठले सरकारले समुदायमा आधारित विकासका कार्यक्रमहरु गर्न आवश्यक रहेको बताउनुभयो । देशमा शिक्षा, स्वस्थ्यजस्ता सामान्य कुरामा पनि विकास हुन नसकेको अवस्थामा स्थानीय स्रोत साधनको भरपुर प्रयोग गर्न आवश्यक रहेको बताउनुभयो । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नीति बनाउने कुरामा समस्या रहेको उहाँले बताउनुभयो ।

सरकारको नीति राम्रो नहुँदा जनप्रतिनिधिले सोचेअनुसार काम गर्न नसकेको उहाँको भनाइ छ । प्रदेश सरकारसँग आर्थिक योजना नभएको आरोप लगाउँदै श्रेष्ठले विभिन्न टकराब हुँदा प्रदेश सरकारको बजेट मन्त्रीको क्षेत्रमा मात्र गएको बताउनुभयो । वर्तमान सरकारले जनतालाई चित्त बुझाउने काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले समीक्षा कार्यक्रमबाट आगामी दिनमा अगाडि बढ्न सहज हुने बताउनुभयो ।

## सम्पादकीय

# व्यापार महोत्सवमा विवाद

मकवानपुर जिल्ला खेलकुद विकास समिति र औद्योगिक शान्ति नेपाल संस्थाको आयोजनामा वृहत् खेलकुद तथा व्यापार महोत्सव हेटौंडा हुँदैछ । आगामी पुस ५ गतेबाट पुस १७ गतेसम्म महोत्सव आयोजना हुने भएको हो । हेटौंडा-१०, टीसीएनचौरमा हुने महोत्सवको विषयमा विवाद देखिएको छ । खेलकुद विकास समितिले व्यापार मेला गर्न लागेको भन्दै मकवानपुर उद्योग वाणिज्य संघले विरोध गरेको हो । खेल सम्बद्ध संस्थाले खेलकुद महोत्सव गर्नु उचित भए पनि व्यापार महोत्सव गर्न लागेकोमा उद्योग वाणिज्य संघले त्यसको विरोध गरेको छ । संघले व्यापार महोत्सव स्थगित गर्न जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयलाई आइतबार ध्यानाकर्षणपत्र बुझाएको छ । व्यवसायीहरुको विभिन्न विषयगत तथा वस्तुगत संघ संगठनमार्फत् यसअघि उक्त व्यापार महोत्सव रोक्न हेटौंडा उपमहानगरपालिकालाई ध्यानाकर्षण गराए पनि कुनै निष्कर्ष निस्किएको छैन ।

खेलकुद विकास समितिले खेलकुदसम्बन्धी क्रियाकलाप समेटेर खेलकुद महोत्सवमात्र गर्नुपर्ने संघको माग रहेको छ । आर्थिक मन्दीलगायतका विभिन्न चुनौती चलिरहेको समयमा हेटौंडाका स्थानीय व्यवसायीहरुलाई असर पर्नेगरी उक्त व्यापार महोत्सव गर्न लागिएकाले महोत्सव रोक्नुपर्ने संघको माग रहेको छ । २०७६ मंसिर १० गते गृह मन्त्रालयको परिपत्रअनुसार व्यापारिक मेला उद्योग वाणिज्य संघले मात्र गर्न पाउने व्यवस्थाअनुसार मेला रोक्नुपर्ने संघको दावी छ । महोत्सवले जिल्लाको व्यावसायिक वातावरण बिग्रन सक्ने र त्यसबाट उत्पन्न हुनसक्ने असरको पूर्ण जिम्मेवारी आयोजक स्वयम्को हुनेसमेत संघले जनाएको छ । खेलकुद, व्यापार, पर्यटन प्रवर्द्धनसँगै मनोरञ्जनको उद्देश्यसहित महोत्सव आयोजना गर्न लागिएको हो । महोत्सवमा १३ विधामा जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका खेल प्रतियोगिता, नृत्य प्रतियोगिता, मनोरञ्जनात्मक खेलसहित बाल उद्यान, राष्ट्रियस्तरका कलाकारको प्रस्तुतिसँगै अटोमोबाइल, लत्ताकपडा, भाँडाकुँडा, खानालगायतका प्रदर्शनी तथा बिक्री स्टलहरु रहनेछन् ।

व्यापार, व्यवसाय, कृषि, उद्योग, पर्यटन, कला, संस्कृति, खेलकुदलगायतका आर्थिक तथा सामाजिक क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्य राखेर मकवानपुरलगायत देशभर वर्षेनि विभिन्न मेला तथा महोत्सव आयोजना भइरहेका छन् । तर, प्रायः सबै मेला, महोत्सव व्यावसायिक प्रवर्द्धनभन्दा पनि मनोरञ्जन केन्द्रित हुने गरेका छन् । रमाइला खेल तथा मनोरञ्जनप्रति नै महोत्सव अवलोकनकर्ता झुम्मिने गरेको पाइन्छ । जुनसुकै संस्थाले जेसुकै उद्देश्य राखेर मेला, महोत्सव आयोजना गरिए पनि उद्देश्यमूलक बन्न सकेको पाइँदैन । मेला र महोत्सव भन्नेबित्तिकै नाच्ने, गाउने, रोटेपिङ्ग खेल्ने, सर्कस हेर्ने, मनोरञ्जन गर्ने, खाने र तिनैमा अवलोकनकर्तालाई आकर्षित गरी पैसा कमाउने प्रवृत्ति हावी भइरहेको छ । महोत्सवको उद्देश्य प्राप्तिमा सहयोग पुग्ने सिमित स्टल हुने, ती स्टलहरुमा अवलोकनकर्ताको ध्यान नजाने, विभिन्न रमाइला खेल, मनोरञ्जन तथा स्टेजमा हुने सांगीतिक कार्यक्रममै बढी अवलोकनकर्ताको भीड देखिने गरेको विगतका मेलाहरुले पुष्टि गर्दछ । आयोजकले पनि धेरै दर्शक/अवलोकनकर्तालाई आकर्षित गर्न मनोरञ्जनलाई बढी महत्व दिने गरेको पाइन्छ, जसले मेलाको उद्देश्यलाई गौण बनाउँछ ।

निश्चित उद्देश्य राखेर जुनसुकै संस्थाले महोत्सव आयोजना गर्न सक्छन् । खेलकुद विकास समितिले विशुद्ध खेल महोत्सवमात्र गर्नुपर्ने, व्यापार महोत्सव गर्न नहुने मकवानपुर उद्योग वाणिज्य संघको तर्कलाई स्थानीय व्यवसायीको पक्षबाट हेर्दा सान्दर्भिक लागे पनि स्वभाविक मान्न सकिँदैन । व्यापार महोत्सवले स्थानीय व्यवसायीको व्यापारमा असर पुग्छ भन्ने संघको आशंका पनि व्यावसायिक प्रतिस्पर्धाको पक्षमा देखिँदैन । महोत्सवमा स्टल राखेर सामानको प्रदर्शन तथा बिक्री गरी आफ्नो व्यापार व्यवसाय प्रवर्द्धन गर्न स्थानीय व्यवसायी अग्रसर बन्नुपर्छ । खेलकुद विकास समितिले आयोजना गर्न लागेको महोत्सवमा आफ्ना सदस्यहरुलाई सहभागी गराई व्यवसाय प्रवर्द्धन गर्न सहजीकरण गर्नुपर्ने उद्योग वाणिज्य संघ मेला रोक्न अग्रसर हुनु उचित हुँदैन । आफूले महोत्सव आयोजना गर्दा राम्रो, अर्कोले आयोजना गर्दा नराम्रो हुन्छ भन्नु अनावश्यक विवाद निम्त्याउन खोज्नुमात्र हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भोजभतेरका काममा सरिक भइने समय छ ।
**वृष** : अड्किएका कामहरु सम्पन्न हुने समय छ ।
**मिथुन** : परोपकारजन्य काममा सरिक भइने छ ।
**कर्कट** : बोलीमा संयमता अपनाउँदा राम्रो होला ।
**सिंह** : अनुशासन र संयमताको काममा पूर्णता ।
**कन्या** : धार्मिक र सामाजिक काममा सरिक भइने समय छ ।
**तुला** : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।
**वृश्चिक** : लेखाई– पढाई मध्यमकारक रहने समय छ ।
**धनु** : धार्मिक तथा परोपकारजन्य काममा सरिक भइने छ ।
**मकर** : मित्रको सहयोगले काममा पूर्णता हुने समय छ ।
**कुम्भ** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**मीन** : धार्मिक र परोपकारजन्य काममा सरिक भइएला ।

# शिक्षा क्षेत्रमा जनप्रतिनिधि, शिक्षकको अवस्था र सम्भावनाहरु



**राजु प्रसाद गौतम**

नेपालको नयाँ संविधान अनुसार राज्यका तीनै तहहरुको निर्वाचन सम्पन्न भएर हामीले आज तीनै तहका जनप्रतिनिधि सरकारहरुप्राप्त गरिसकेका छौं । हिजो एकात्मक शासन प्रणाली अन्तर्गत एउटै सरकार र त्यसका संयन्त्रहरुबाट तानाशाही शासनमा शासित हुन अभ्यस्त हामी अब संघीय शासन प्रणाली अन्तर्गत तीन तहका सरकारहरुबाट शासित हुन थालेका छौं । राज्यसँग जनताको पहुँच र राज्यबाट जनताले प्राप्त गर्ने अधिकार र सुविधामा वृद्धि गर्नका लागि संघीय संरचनाको अभ्यास गरिएको हो । तर हाम्रो सोच, संयन्त्र र अभ्यास परिवर्तन हुन नसक्दा नयाँ संरचना धेरैलाई कम्फर्टेबल लागिरहेको छैन । शिक्षा क्षेत्रमा पनि यस्ता असामञ्जस्यताहरु विद्यमान छन् ।

संविधानको अनुसूचि ८ ले आाधारभूत र माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको एकलअधिकार क्षेत्रमा राखेको छ । अनुसूचि ९ ले शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा उल्लेख गरेको छ । शिक्षा अन्तर्गत आधारभूत, माध्यमिक, उच्च, अनौपचारिक, दूरशिक्षा आदि सबै बुझिने भएकोले आधारभूत र माध्यमिक तहसम्मको शिक्षा सम्पूर्णरुपमा स्थानीय तहको अधिकार अन्तर्गत पर्दैन यद्यपि आधारभूत र माध्यमिक शिक्षामा मूल जिम्मेवारी र जवाफदेहिता स्थानीय तहले लिनुपर्ने देखिन्छ । यहाँनेर स्थानीय सरकारले आधारभूत र माध्यमिक तहको शिक्षा सम्बन्धी सम्पूर्ण अधिकार आफूमा आएको भनेर बुझ्ने तर संघीय सरकारका स्थानीय संयन्त्रहरुले अनुसुचि ९ अनुसार शिक्षासम्बन्धी अधिकार अझै पूर्ववत रुपमा आफूमै रहेको ठान्ने समस्या छ । शिक्षासम्बन्धी नयाँ ऐनहरु मस्यौदाको क्रममा रहेको र प्रचलित ऐन, नियमावलीहरुले नयाँ संविधानको भावनालाई प्रतिबिम्वन गर्न नसकेको कारण मुलुकको शिक्षा क्षेत्र कठिन संक्रमणबाट गुज्रिरहेको छ । शिक्षा क्षेत्र तीन तहका सरकारहरुको अधिकार क्षेत्रको अन्यौल, गृह, संघीय मामिला र शिक्षा मन्त्रालयबाट नियमन हुनुपर्ने अवस्थाको सिकार भइरहेको छ ।

संघीय ऐन, प्रादेशिक ऐनले संविधानको भावना अनुसार स्थानीय तहका अधिकारहरुको किटानी गरिदिनुपर्छ र स्थानीय तहले प्राप्त अधिकार क्षेत्र भित्र ऐन, नियमावलीहरु बनाई आफ्नो जिम्मेवारी वहन गर्नुपर्दछ । हाल ऐनको अभावमा तीनै तहबीच समन्वयमा काम गर्नु नै उत्तम हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रही स्थानीय तहहरुले शिक्षा ऐनहरु निर्माण गरी कार्यान्वयन गर्न तयारी शुरु गर्न ढिलाई भइसकेको छ । अधिकार मात्रै आयो कि दायित्व पनि ?

आधारभूत र माध्यमिक तहसम्मको शिक्षासम्बन्धी अधिकार स्थानीय तहमा आएको छ । विद्यालयहरुले पाउने शिक्षक, कर्मचारीहरुको तलब भत्ता, भौतिक पूर्वाधार, छात्रवृत्ति, पाठ्यपूस्तक, शैक्षिक सामग्री, शिक्षक तालिम लगायतका लागि स्थानीय तहमा राज्यले बजेट पठाउन थालेको छ । विद्यालय खोल्ने, गाभ्ने, बन्द गर्ने, कक्षोन्नति गर्ने, शिक्षकहरुको दरबन्दी मिलान गर्ने, अनुगमन गर्ने, आवश्यक निर्देशन, सुझाव प्रदान गर्ने जस्ता क्रियाकलापहरु स्थानीय तहहरुले थालनी गरिसकेका छन् । तर विद्यालय जान नसकेका विद्यालय उमेर समूहका बालबच्चाहरुको शिक्षा पाउने मौलिक हकको प्रत्याभूति दिलाउने, विद्यालय छाड्ने दरलाई शुन्यमा झार्नेतर्फ जनप्रतिनिधिहरुको ध्यान कमै पुगेको देखिन्छ ।

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रधानाध्यापक, शिक्षक, अभिभावक र जनप्रतिनिधिहरुलाई कसरी समन्वयकारी रुपमा परिचालन गर्ने भन्नेतर्फ पनि चासो कम पाइन्छ । शैक्षिक गुणस्तर अभिवृद्धिमा जनप्रतिनिधिहरुले समन्वयकर्ता, परिचालनकर्ताको भूमिकामा योगदान पुऱ्याउनुपर्छ । यहाँनेर शासक मानसिकता, नोकरशाही शैलीको प्रयोग गरियो भने त्यसले स्थानीय तहको प्रयासलाई अब अपेक्षित प्रतिफलमा रुपान्तरण गर्न सक्दैन । सार्वजनिक शिक्षाले भोग्दै आएका समस्या र वेथितिहरु देश र समाजले बेहोरेको लामो र जटिल संक्रमण, राजनीतिक अस्थिरता, शिक्षा नीति, शैक्षिक कानुन, समुदायद्वारा सिर्जित छन् भने केही समस्याहरु शिक्षक सिर्जित पनि छन् । तर सबै समस्याहरुको जड शिक्षकलाई देख्ने र संविधानप्रदत्त अधिकारको डण्डा देखाएर शिक्षकसँग गुणस्तर माग गरियो भने बबुरो शिक्षक आतंकित बनेर कक्षाकोठा ओहोरदोहोर बाहेक थप केही गर्न सक्दैन ।

विद्यालयप्रति अभिभावक र समुदायको चासो, सहभागिता र हस्तक्षेपमा वृद्धि गर्ने, विद्यालयमा हुने अवाञ्छित राजनीतिक खिचातानीलाई अन्त्य गर्ने, विद्यालय शान्ति क्षेत्रको अवधारणालाई कार्यान्वयन गर्ने, तयारी र सामग्रीसहित कक्षाकोठामा जान शिक्षकलाई प्रोत्साहित गर्ने, विद्यालय र शिक्षकका समस्याहरु सुन्ने, बुझ्ने र तिनको निदानका लागि सहयोग गर्न अग्रसर रहने जस्ता भूमिका जनप्रतिनिधिहरुले पूरा गर्न सक्दछन् । अत्यन्तै न्युन आय भएका अभिभावकका नानीहरु, अभिभावकविहिन वा अभिभावकदेखि टाढा रहेका नानीहरुको अभिभावकत्व ग्रहण गर्ने काम स्रोत र अधिकार सम्पन्न जनप्रतिनिधिहरुले गर्न सक्छन् । विद्यालय जाने उमेर समूहका नानीहरुलाई अनिवार्य विद्यालय प्रवेश गराउने, विद्यालयको वातावरणलाई बालमैत्री तुल्याउने, विद्यालय र कक्षाकोठाहरुलाई पूर्वाधार सम्पन्न र प्रविधिमैत्री बनाउनेतर्फ पनि स्थानीय तहको ध्यान पुग्नुपर्दछ ।

शिक्षकलाई दोष दिएर अब जनप्रतिनिधिहरु उम्कने ठाउँ छैन । सार्वजनिक शिक्षामा प्रगति नदेखिएमा त्यसको जिम्मेवारी अब वडा सरकार, गाउँ, नगर सरकारले पनि लिनुपर्छ । तर कक्षाकोठामा जनप्रतिनिधिहरु आफै गएर शिक्षण गर्ने पनि होइन । त्यसकारण जनप्रतिनिधि र शिक्षक बीच सहकार्यको उत्तम मोडल के हुन सक्छ भन्ने बारेमा छलफल आवश्यक छ ।

### सिंहदरबार आयो कि सिंह मात्र गाउँ पस्यो ?

स्थानीय तहहरुलाई घरछेउको सिंहदरबार भन्ने गरिन्छ । सिंहदरबारले नीति, नियम, योजना, कार्यक्रम बनाउने, स्रोत संकलन र विनियोजन गर्ने, निरीक्षण, अनुगमन र नियमन गर्ने, दण्ड र पुरस्कार दिने, सुरक्षा र अभिभावकत्व प्रदान गर्ने थलोलाई बुझाउँछ । तर नीति छैन, प्रचलित नियम अर्कै कुनामा छ, योजना कार्यक्रम बनाउनेतर्फ तर्खरै छैन । स्रोत परिचालन अपर्याप्त र अवैज्ञानिक छ भने स्थानीय तहको कार्य कुशलतामा प्रश्न खडा हुन्छ । स्थानीय सरकारले बनाएको नीतिनियम, योजना र कार्यक्रमहरुलाई विद्यालय र शिक्षकहरुले पालना गरे वा नगरेको आधारमा विद्यालय र शिक्षकहरुमाथि प्रश्न उठाउन सकिन्छ । अन्यथा सार्वजनिक कार्यक्रमहरुमा उच्चासनमा विराजमान रहेर विद्यालय र शिक्षकहरु माथि प्रहार गरियो भने सिंहदरबार घरछेउमा आएको होइन, जंगलको राजा सिंह गाउँ पसेको अनुभूति शिक्षकहरुले गर्ने छन्, तब शिक्षक विद्यार्थीको सिकाइभन्दा आफ्नो सुरक्षामा बढ्ता चिन्तित हुन थाल्नेछ ।

### के सबै शिक्षक खराब छन् ?

स्थानीय तहको निर्वाचनदेखि हालसम्म आइपुग्दा थुप्रै जनप्रतिनिधिहरु अदालतको तारेखमा छन् । सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेको आरोप पालिका प्रमुख, उपप्रमुख, वडाध्यक्षहरुलाई लागेको र पुष्टि भएको समेत छ । वडाध्यक्षले गाउँमा कुखुरा चोरेको, दिउँसै मादक पदार्थले लट्ठ भएको, पालिका प्रमुखले आफ्नो सामुन्नेमा युवतीलाई बोक्सी करार गरी अमानवीय यातना दिँदा साक्षी बसेको जस्ता घटनाहरु पनि नभएका होइनन् । तर के यी एकाध घटनाहरुलाई सामान्यीकरण गर्दै सबै जनप्रतिनिधिहरु खराब छन् भन्न सकिन्छ ? के एउटा वडाध्यक्षले बदमासी गरे भन्दैमा आफ्नो वडाध्यक्ष घरछेउको बाटो हिँड्दा खोर भित्रका कुखुरा गन्ती गर्नुपर्छ ? पर्दैन । हामीले विश्वास गरेर जिताएका जनप्रतिनिधिहरु असल नियतले आफ्नो गाउँ, नगरको विकास र समृद्धिका लागि तल्लिन हुनुहुन्छ । यसैगरी विद्यालयका केही शिक्षकहरु पनि ठग, कामचोर हुन सक्छन् । माथिदेखि तलसम्म थीति बिग्रँदा थीतिसँगै केही शिक्षक बिग्रेका हुन सक्छन्, थीति सप्रँदा ती आफैं सप्रन्छन् ।

केही चैं नियतवश गति छाडेका पनि हुन सक्छन्, जो सजिलै नसप्रलान् । कर्तव्यच्युत शिक्षकहरुको पक्षमा कसैले पनि पैरवी गर्नहुन्न । शिक्षकको हक, अधिकार भनेको कर्तव्यसहितको अधिकार हो । कर्तव्य बिनाको अधिकारको कल्पना गर्नुहुन्न । तर एकाध कर्तव्यच्युत शिक्षकहरुको दोष आम शिक्षकहरुलाई लगाइदिँदा शिक्षक माथि अन्याय हुन्छ सबै जनप्रतिनिधिहरु भ्रष्ट हुन् भने जस्तै । एउटा शिक्षकको आफ्नै कमजोरी वा बदमासीका कारण बदनाम हुनसक्छ ।

*(लेखक मकवानपुरगढी गाउँपालिका-६ स्थित जालपादेवी माविका प्रधानाध्यापक हुनुहुन्छ ।)*

# डर दिमागबाट हुने भए पनि छाती र मुटुमा किन महसुस हुन्छ ?



**डा. सुरेश विश्वकर्मा**

डर लाग्नु प्राकृतिक प्रक्रिया हो, मात्र कसैलाई धेरै लाग्छ त कसैलाई कम । डर मस्तिष्कबाट सुरु हुन्छ, तर महसुस छाती, पेट र मुटुमा किन हुन्छ भन्ने प्रश्न उब्जिन सक्छ ।

डर लाग्दा मुटु ढुकढुक हुनु र पेट पोल्नु सामान्य हो । कुनै पनि कारणले डर लाग्दा वा मानसिक समस्या हुँदा तुरुन्तै दिइने प्रतिक्रिया हो । यसको लागि कुनै औषधिको सेवन गर्नु पर्दैन । डर लागेको केही मिनेटमा आफैं निको हुन्छ ।

### किन हुन्छ ?

डर लाग्दा दिमागमा रक्तसञ्चार बढ्छ भने पेटमा रक्तसञ्चार प्रवाह कम हुन्छ । जसले गर्दा पेट पोल्ने वा दुखेको जस्तो महसुस हुन्छ । डर लागेको बेलामा सिम्प्याथेटिक एक्टिभेसन (सहानुभूतिशील सक्रियता) हुन्छ । यसले गर्दा मुटुमा रक्तप्रवाह वृद्धि हुन्छ र मुटुको ढुकढुकी बढ्छ । खासगरी यो दिमागमा भएको एउटा महत्वपूर्ण अंग एमिग्डालाका कारण हुन्छ ।

एमिग्डाला के हो र र कसरी काम गर्छ ?

एमिग्डाला स्नायु कोषिकाहरु मिलेर बनेको बदाम आकारको दिमाग रहेको एक अंग हो । जसले दिमागमा हुने भावनात्मक र आवेगलाई नियन्त्रण गर्ने काम गर्छ । डर लागेको बेला एमिग्डाला सक्रिय भएको हुन्छ । यसले कुन परिस्थितिमा कसरी व्यवहार गर्ने वा प्रतिक्रिया दिने भनेर निर्णय गर्छ । त्यही निर्णयको आधारमा मान्छेले प्रतिक्रिया दिन्छ । डर लागेको बेला पनि यही एमिग्डालाको निर्णय अनुसार नै प्रतिक्रिया दिएको हुन्छ ।

कुनै तीव्र घटनाका कारण डर लागेको छ भने मुटुको ढुकढुकी बढ्ने, पसिना आउने र पेट दुख्ने हुन्छ । तर मानसिक समस्या वा बिरामी भएको बेला एमिग्डाला सक्रिय हुँदैन र डर लाग्ने पनि कम हुन्छ ।

### उपचार र रोकथाम

कुनै भयानक कुरामा डर लाग्नु त स्वभाविक नै हो, तर सामान्य उचाइमा जान, गाडी चढ्न, एक्लै बस्न डर लाग्छ भने त्यसलाई नियन्त्रण गर्नुपर्ने हुन्छ । यसका लागि आत्मबल बलियो बनाउनुको विकल्प रहँदैन । डर भनेको केही होइन भनेर आफूलाई आफैंलाई सम्झाउनुपर्छ ।

लगातार डर लागिरहन्छ भने मानसिक समस्याका कारण पनि हुन सक्छ । यस्तो अवस्थामा मानसिक चिकित्सकलाई जाँच गराउने वा परामर्श लिई औषधि सेवन गर्न सकिन्छ ।

*(स्रोतः अनलाईनखबर)*

# "अतिरिक्त क्रियाकलाप शिक्षण सिकाईको महत्वपूर्ण पाटो हो"



युक्तलाल बिश्वकर्मा
शिक्षक, जनप्रिय मावि (प्राविधिक विद्यालय)

विद्यार्थीलाई प्रभावकारी शिक्षण सिकाईका लागि निक्कै मिहिनेत गर्नुपर्ने आवश्यकता छ । विद्यालय तहका विद्यार्थीको प्रभावकारी सिकाईका लागि आवश्यक विषयमा निरन्तर अध्ययन, अनुसन्धान गरिरहनु जरुरी छ । नेपाल सरकारलाई प्रभावकारी विद्यालय शिक्षाको विषयमा निरन्तर आव्हान गरिरहँदा पनि राज्य जिम्मेवार हुन नसकेको अवस्थामा पछिल्लो समय नागरिकस्तरबाट प्रभावकारी शिक्षामा अध्ययन, अनुसन्धान, प्रयोग र समीक्षा भइरहेको छ । यस्तै प्रयासअन्तर्गत कारखाना समूहले हेटौँडा उपमहानगरका १० वटा विद्यालयलाई लक्षित गरी हेटौँडा-१६ स्थित जनप्रिय माविमा शिक्षक, विद्यार्थी प्रशिक्षण तथा अभ्यास भइरहेको छ । प्रभावकारी शिक्षण सिकाईका लागि भइरहेको प्रयासका विषयमा जनप्रिय माविका अतिरिक्त क्रियाकलाप संयोजक शिक्षक युक्तलाल बिश्वकर्माका लागि समृद्ध समाजकी सुप्रभा चौलागाईले गर्नुभएको कुराकानीको सम्पादित अंश:

*समाजः अहिले विद्यालयमा कसरी अध्ययन अध्यापन भैरहेको छ ?*
**बिक:** विद्यालयमा विभिन्न विधामा पढाई भैरहेको छ । जहाँ प्रविधिक क्षेत्रहरुमा पनि पढाई भैरहेको छ । विदापछि अहिले विद्यालयमा विद्यार्थीहरुको चाप पनि बढेको छ । प्रत्येक कक्षाकोठामा स्मार्ट टिभिहरु राखिएको छ । सोबाट प्रविधियुक्त अध्ययन अध्यापन भैरहेको छ ।

*समाजः विद्यालयमा के-के सुविधाहरु थपिँदै छन् ?*
**बिक:** सुविधामा अहिले विभिन्न विषयको प्रदर्शनका लागि आफ्नै आफ्नै ल्याब छन् । गणितको ल्याब, विज्ञान ल्याब र अरु विषयका लागि निर्माण हुँदैछ । एउटा रेकर्डिङ् स्टुडियो पनि बनेको छ। सबैमा गणित ल्याब उत्कृष्ट छ। र सोको अवलोकनका लागि भनेर विभिन्न विद्यालयबाट पनि शिक्षक, विद्यार्थीहरु आउने गर्नु भएको छ ।

*समाजः तपाई पढाउने विषयमा विद्यार्थीहरुको सक्रियता कतिको छ ?*
**बिक:** मेरो विषय नेपाली हो । कक्षा ८ सम्मका विद्यार्थीहरुलाई पढाउनु पर्छ । अहिले विद्यार्थीहरु नेपाली विषयलाई सजिलो विषय भनी ध्यान नदिएको देख्छु। तर यो विषय पनि महत्वपूर्ण छ । पछि साहित्यको क्षेत्रमा काम लाग्छ । त्यसैले सबै विषय महत्वपूर्ण छ र विद्यार्थीहरुको सक्रियता पनि रहन्छ ।

*समाजः विद्यालमा हुने अतिरिक्त क्रियाकलापहरु के-के छन् ? व्यवस्थापन कसरी गरिन्छ ?*
**बिक:** अतिरिक्त क्रियाकलाप शिक्षण सिकाईको महत्वपूर्ण पाटो हो । हामीले अतिरिक्त क्रियाकलापमा निमित्त अतिरिक्त तथा साँस्कृतिक विभाग बनाएका छौँ। जहाँ संस्कृति, मिडिया लगायत विभिन्न विभागहरु छन् । अतिरिक्त तथा साँस्कृतिक विभागको संयोजक भएको नाताले म बढी विद्यार्थीहरुलाई के गराउँदा सिकाइको उपलब्धी हुन्छ भन्ने कुराको ख्याल राख्छु। अतिरिक्त क्रियाकलापका लागि पूरा वर्षभरी के-के क्रियाकलाप तथा कार्यक्रमहरु गर्ने भनी वार्षिक क्यालेन्डर बनाई मनोरञ्जनात्मक कार्य गरिन्छ ।

*समाजः कारखानाको खेल्दै सिक्दै कार्यक्रमको विषयमा तपाईको भूमिका के छ ?*
**बिक:** खेल्दै सिक्दै कार्यक्रम हेटौँडा उपमहानगर भित्रका १० विद्यालयमा भैरहेको छ र म यस कार्यक्रमको निरीक्षक हुँ ।

*समाजः खेल्दै सिक्दै कार्यक्रम के हो ?*
**बिक:** खेल्दै सिक्दै कार्यक्रम कारखानाको सहकार्य तथा जनप्रिय माविको आयोजनामा भएको कार्यक्रम हो । यस कार्यक्रमको अहिले हामी तेश्रो चरणमा छौं । १० विद्यालयका २ जना शिक्षक गरी २० जना शिक्षकहरुलाई अहिले तालिम दिइँदै छ । यस कार्यक्रमको बारेमा भन्नु पर्दा यो विद्यार्थीहरुलाई पढाउने फरक र प्रभावशाली शैली हो। यसबाट विद्यार्थीहरुलाई सिकाउँदै र रमाउँदै पाठ पढाउन सकिन्छ ।

*समाजः कुन विषयको कार्यक्रम हो ? तालिम पाउनु भएका शिक्षकहरु पनि कुन विषयसँग सम्बन्धित छन् ?*
**बिक:** यसमा खासगरी विज्ञान र गणित विषयका कुरा बढी छन् । सामग्री बनाई त्यो विषयको अध्ययन गर्न यसले सहजीकरण गर्छ। तालिम पाउनु भएका शिक्षकहरु खासगरी विज्ञान र गणित विषयको हुनुहुन्छ। र यहि विषयमा आधारित कार्यक्रम हो ।

*समाजः खेल्दै सिक्दै कार्यक्रम कतिको प्रभावकारी छ ?*
**बिक:** यो कार्यक्रम मैले मात्र होइन कारखानाका शिक्षकहरुसँग सल्लाह गर्दा उहाँहरुले पनि प्रभावकारी रहने बताउनुहन्छ। यो कार्यक्रम भैरहेको विद्यालयहरुमा म पनि पुगेको छु। त्यहाँ विद्यार्थीहरु पनि उत्साहित हुनुहुन्छ ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।**

# मकवानपुर बाल विद्या सदन

### हेटौंडा-१८, खड्कुले

## हावापानीको प्रभाव



सौरव विडारी

हामी पृथ्वीमा बस्छौं। आठवटा ग्रहहरु मध्येको मानव वस्ती भएको र बस्नका लागि उपयुक्त हावापानी भएको ग्रह पृथ्वीको अध्ययन तथा मानव जीवनमा सहजताका लागि अक्षांश, देशान्तर लगायतका काल्पनिक रेखाहरु कोरिएको छ । पृथ्वीमा धेरै प्रकारका हावापानी, वन्यजन्तु, वनस्पति आदि पाइन्छ । हावापानीले नै गर्दा पृथ्वीमा यि सबैको अस्तित्व सम्भव भएको हो । हावापानीलाई अक्षांश, उचाई, कुनै ठाउँको समुन्द्रदेखिको दुरी, माटो आदि धेरै प्रकारका तत्वहरुले प्रभाव पार्दछ ।

पृथ्वीको हावापानीलाई मुख्यतया उष्ण प्रदेश, समशितोष्ण प्रदेश र शीत प्रदेश गरी तीन भागमा बाँडिएको छ। यसअन्तर्गत पनि एउटै प्रदेशमा स्थान अनुसार फरक-फरक हावापानी पाइन्छ। उष्ण प्रदेशमै चार प्रकारका हावापानी पाइन्छन् । यस्तै समशितोष्ण प्रदेशमा छ र शीत प्रदेशमा दुई प्रकारका हावापानी पाइन्छन्। हावापानीको विविधताले वातावरण, वन्यजन्तु, वनस्पति, मानवीय स्वरुप, कृषि उत्पादन तथा क्रियाकलाप मात्र नभई भेषभुषा र चालचलनमा समेत विविधता ल्याएको हुन्छ ।

कक्षा-१०

## मौसम



बिनिता गोङ्बा

छिनछिनमै परिवर्तन
कस्तो तिम्रो बानी
कहिले हावा कहिले हुरी
कहिले हुन्छौ पानी ।

बत्तिएर हावा आउँदा
छिनमै पानी भाग्छ
संसारनै अचम्म
फिल्टर हालेझै लाग्छ ।

घाम लाग्दै पानी पर्छ
कहिले हुन्छ घामपानी
काम एउटै हुन्छ तब
लुगा टिप्न जाने

ठाउँ अनुसार बेग्लै हुन्छ
दङ्ग पर्छौं हामी
काठमाडौंमा घाम लाग्दा
नगरकोटमा पानी ।

*कक्षा-१०*

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
बागमती प्रदेश, हेटौंडा, मकवानपुर

**फिल्ड सुपरभाईजर (प्राविधिक) को आवश्यक्ता सम्बन्धी सूचना**

*सूचना प्रकाशित मिति: २०८०/०८/१९ गते*

यस आयोजना कार्यालयले आ.व. २०८०/०८१ मा सञ्चालन गर्ने सडक, झोलुङ्गे पुल तथा गुम्बा सम्बन्धी आयोजनाहरुको निर्माण कार्यको प्राविधिक सुपरिवेक्षण गर्न कार्यालयको आवश्यक्ता अनुसार बागमती प्रदेश भित्रका जुनसुकै जिल्लामा काम गर्न ईच्छुक नेपाली नागरिकले प्रचलित जिल्ला दररेट बमोजिम भुक्तानी हुने गरी तपशिल बमोजिमका कागजातहरु संलग्न राखि मिति २०८०/०९/०३ गते कार्यालय समय भित्र lidpohtd@gmail.com मा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**
**१. आवश्यक कागजात:**
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि ।
- निवेदन (आफूले काम गर्न ईच्छुक बागमती प्रदेश अन्तर्गतका जिल्लाको प्राथमिकता क्रम (१,२,३,४,५) उल्लेख गर्नुपर्नेछ ।
- फोटोसहितको व्यक्तिगत विवरण (Biodata)

**२. न्यूनतम शैक्षिक योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.इ.इ. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि.एस.एल.सी. कोर्ष उत्तीर्ण गरेको ।
**३. आवश्यक संख्या:** केही
**पुनश्च:** फिल्ड सुपरभाईजरलाई कार्यालयको आवश्यक्ता, बजेट एवं कार्य अनुभवको आधारमा खटाइने छ ।

**आयोजना प्रमुख**

**कृषि विकास बैंक लि. छतिवन शाखा कार्यालयबाट लिएको ऋणको भाखा नाघेको कर्जाको साँवा-व्याज भुक्तानी गर्न आउने सम्बन्धी २१ दिने सूचना**

*(सूचना प्रकाशित मिति: २०८०/८/१९ गते)*

यस बैंकको छतिवन शाखा कार्यालयबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

सम्बन्धित कार्यालय: कृषि विकास बैंक लि., शाखा कार्यालय छतिवन, मकवानपुर

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | ग्राहकको पिता/पतिको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी साँवा रकम रु. | भा.ना. साँवा तथा ब्याज रकम २०८० कार्तिक म. | कुल रकम | धितो मंजुरिनामा दिने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | हिरालाल माझी कुश्वार | बकैया ४ जुरेली | जगत बहादुर माझी कुश्वार | बुद्धि बहादुर कुश्वार | सरल कृषि कर्जा | १,०००,०००।०० | ४४,२५३।४२ | १,०४४,२५३।४२ | जुरी माझी |
| २ | विल बहादुर जिम्बा | बकैया ५ श्रीपुर | आशमान जिम्बा | मानवीर जिम्बा | सरल कृषि कर्जा | ९५०,०००।०० | ४६,४७७।०४ | ९९६,४७७।०४ | कान्छी माया लामा |
| ३ | डम्बर जंग थापा क्षेत्री | बकैया-७ अठारबिघा | पदम जंग थापा क्षेत्री | भिम जंग थापा क्षेत्री | सरल कृषि कर्जा | ७००,०००।०० | ३२,५४२।५७ | ७३२,५४२।५७ | पवित्रा थापा क्षेत्री |
| ४ | रामचन्द्र ग्रिल उधोग (रामचन्द्र माझी) | बकैया ५ पावस | टेक बहादुर माझी | मंगल बहादुर माझी | उद्योग कर्जा | ३६०,०००।०० | ५५,०००।०० | ४१५,०००।०० | टेक बहादुर माझी |
| ५ | मनकामना ठिंगन कृषि तथा पशु फार्म (ज्ञान बहादुर स्याङतान) | बकैया १२ ठिंगन | शेर बहादुर स्याङ्तान | आईत सिं | सरल कृषि कर्जा | ४९६,०००।०० | ४६,०००।०० | ५४२,०००।०० | रविन स्याङ्तान |
| ६ | बि.पि.एस कृषि फार्म (सुर्य प्रसाद दाहाल) | बकैया ७ हात्तिखोला | मुक्तिनाथ दाहाल | ईन्द्र नाथ दाहाल | बाग्मति प्रदेश कृषि कर्जा | ५५०,०००।०० | ७५,०००।०० | ६२५,०००।०० | विवस दाहाल/रेनुका तिमल्सिना |
| ७ | ए.एस पशु फार्म(दुध बहादुर राई) | बकैया ४ छतिवन | कनक बहादुर राई | जगत बहादुर राई | पशुपालन कर्जा | १,९९०,०००।०० | ८६,०००।०० | २,०७६,०००।०० | उषा राई |
| ८ | काजी एकीकृत कृषि तथा पशुपंक्षी फार्म(घनश्याम भोलन) | बकैया ७ हर्दा | टेक बहादुर भोलन | फुल बहादुर भोलन | सहुलियत कृषि कर्जा | २५०,०००।०० | ७०,०००।०० | ३२०,०००।०० | टेक बहादुर भोलन/सरला बोलखे |

**कृषि विकास बैंक लि.**
**प्रदेश कार्यालय बिरेन्द्रनगर, चितवन**

# जिल्ला लिग छनोटमा सहभागी हुन १२ टिम दर्ता

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले यही मंसिर २३ गतेदेखि आयोजना गर्न लागेको नयाँ फुटबल क्लबबीचको छनोट प्रतियोगितामा सहभागिता जनाउन १२ वटा क्लबले टिम दर्ता गराएका छन् । जिल्लास्तरीय क्लबको मान्यता दिँदै जिल्ला लिग खेल्न पाउने २ वटा क्लब छनोट गर्नका लागि आयोजना गर्न लागेको प्रतियोगितामा सोमबारसम्म १२ वटा क्लबले टिम दर्ता गराएको मकवानपुर जिल्ला फुटबल संघका सदस्य तथा जिल्ला लिग प्रतियोगिता संयोजक आलोक स्याङ्तानले जानकारी दिनुभएको छ ।

नकआउट प्रणालीमा आयोजना हुने प्रतियोगितामा मकवानपुर जिल्लाका एन्फामा आवद्ध भएकाबाहेक हेटौंडा-१२, पदमपोखरीको पञ्चशील युवा क्लब, बकैया गाउँपालिकाको बकैया युथ क्लब, हेटौंडा-१८ को कमलादेवी युवा क्लब र हेटौंडा-१३ को पदमपोखरी एकेडेमीले टिम दर्ता गराएका छन् । हेटौंडा-१९ को जनहित युवा क्लब, हेटौंडा-२ को द रिभाइबल युवा क्लब, हेटौंडा-८ को कमाने फुटबल एकेडेमी र हेटौंडा-१६ को अग्रसर युवा क्लबले पनि टिम दर्ता गराएका छन् । यस्तै, हेटौंडा-१६ को ज्ञानज्योति युवा क्लब, हेटौंडा-५ को जनप्रवाह युवा क्लब, हेटौंडा-१५ को सहयोगी युवा क्लब र हेटौंडा-१४ को समाज कल्याण युवा क्लबले टिम दर्ता गराएको संयोजक स्याङ्तानले जानकारी दिनुभयो ।

प्रतियोगितामा करिब २० वटा टिम सहभागी हुने अपेक्षा आयोजकको छ । प्रतियोगिताको खेल तालिका भोलि बुधबार ३ बजे सार्वजनिक गरिने संयोजक स्याङ्तानले बताउनुभयो । प्रतियोगितामा सहभागिता जनाउन आज मंगलबार दिउँसो ३ बजेसम्म टिम दर्ता गराइसक्नु पर्नेछ । प्रतियोगितामा प्रथम र द्वितीय हुने दुई टिम जिल्लास्तरीय टिमको रुपमा छनोट भई जिल्ला लिगमा समेत सहभागी हुनेछन् भने आगामी लिगमा दुई वटा टिम घटुवामा पर्ने बताइएको छ । मकवानपुर जिल्ला फुटबल संघका सदस्य स्याङ्तानको संयोजकत्वमा टिम तयार भइरहेको छ । प्रतियोगिताको उपाधि विजेता र उपविजेताले शिल्ड, मेडल र ट्रफी प्राप्त गर्नेछन् ।

# परवल र करेलाको मूल्य बढ्यो



समाज संवाददाता

हेटौंडाः हेटौंडा-१ स्थित राप्तीतटमा रहेको तरकारी बजारमा आइतबार करेला र परवलको मूल्य बढेको छ । आइतबार करेला थोक बजारमा ६० रुपैयाँ र खुद्रामा १०० रुपैयाँमा बिक्री भएको छ । यस्तै परवल थोकमा प्रतिकेजी ४० रुपैयाँमा र खुद्रामा १०० रुपैयाँमा बिक्री भएको तरकारी व्यवसायी गोविन्द दहालले बताउनुभएको छ ।

यसअघि करेला र परवल खुद्रामा प्रतिकेजी ८० रुपैयाँमा बिक्री भएको थियो । मौसम परिवर्तन भएसँगै नेपालमा तिते करेला र परवलको उत्पादन राम्रो नहुने भएकाले आयात गर्ने गरिएको छ । बढी भन्सार शुल्क तिरेर लगानी बढी गरेर तरकारी ल्याउनु परेकाले करेला र परबलको मूल्य बढेको तरकारी व्यापारी जगतबहादुर लामाले बताउनुभयो ।

लामाका अनुसार बाहिरी मुलुकको तरकारी नेपालको भन्दा राम्रो हुने र विषादीको कम प्रयोग हुने भएकाले व्यवसायीहरुले बढी मूल्य भुक्तानी गरेर ल्याउनुपरेका कारणले अहिले मूल्य बढेको हो । करेला र परवलको मूल्य बढेसँगै अन्य केही तरकारीहरुको मूल्य बढेको छ भने केहीको मूल्य स्थिर नै छ ।

अहिले थोक बजारमा रायोको साग प्रतिमुठा १० रुपैयाँमा र खुद्रामा २० देखि २५ रुपैयाँमा बिक्री भएको छ । करिब ५ दिनअगाडि रायोको साग थोक बजारमा प्रतिमुठा ५ रुपैयाँमा बिक्री भएको थियो । यस्तै, केराउ कोसा थोक बजारमा प्रतिकेजी ७० रुपैयाँमा र खुद्रामा ९० रुपैयाँमा बिक्री भएको छ । करिब १ महिनाअघि थोक बजारमा केराउ कोसा प्रतिकेजी १८० रुपैयाँमा र खुद्रामा २०० देखि २५० रुपैयाँमा बिक्री भएको थियो ।

थोक बजारमा घिउ सिमी प्रतिकेजी २५ रुपैयाँमा बिक्री भएको छ । स्कुस थोक बजारमा प्रतिकेजी ८ रुपैयाँमा र खुद्रामा प्रतिकेजी २० रुपैयाँमा बिक्री भएको छ । गोलभैंडा थोक बजारमा प्रतिकेजी २० रुपैयाँमा र खुद्रामा ३५ रुपैयाँमा बिक्री भएको छ । मुला थोक बजारमा ८ रुपैयाँमा र खुद्रामा २० रुपैयाँमा बिक्री भएको व्यवसायी लामाले जानकारी दिनुभयो ।

यस्तै, काउली थोक बजारमा १५ रुपैयाँमा र खुद्रामा ३० रुपैयाँमा बिक्री भएको छ । बन्दा थोकमा २५ रुपैयाँमा र खुद्रामा ४० रुपैयाँमा, खुर्सानी थोकमा ५० र खुद्रामा ६० रुपैयाँमा बिक्री भएको छ । गाँजर थोकमा ५० र खुद्रामा ६० देखि ७० रुपैयाँमा बिक्री भएको छ । बरेला थोकमा ३० र खुद्रामा ४० रुपैयाँमा बिक्री भएको छ । लोकल आलु थोकमा ४० रुपैयाँ र खुद्रामा ६० रुपैयाँमा बिक्री भएको छ । फर्सी थोक बजारमा १५ रुपैयाँ, धनिया ४० रुपैयाँ र काँक्रो ३० रुपैयाँमा बिक्री भएको छ ।

हेटौंडा-१, राप्तीतटको थोकबजारका तरकारी व्यापारीहरुले मकवानपुरको कुलेखानी, भैंसे, हटिया, चिसापानीलगायतका ठाउँहरुबाट तरकारी ल्याएर बिक्री गर्ने गरेका छन् । यस्तै धादिङ र चितवन जिल्लाबाट पनि केही तरकारी हेटौंडाको थोक बजारमा व्यवसायीले ल्याउने गरेका छन् । मौसम परिवर्तनसँगै अहिले तरकारी सबैको घरघरमा नै उत्पादन हुने गरेको, हाँडीखोला, हटिया, पदमपोखरी र नवलपुर सबैतिर सजिलै तरकारी पाइने भएकाले तरकारीको मूल्य स्थिर रहेको तरकारी व्यापारी लामाले बताउनुभयो ।

## गाँजासहित सुनार पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले हेटौंडा-३ बाट लागुऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा-१३, पदमपोखरीका २१ वर्षीय विवेक सुनार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

विशेष सूचनाको आधारमा प्रहरी टोलीले आइतबार बिहान ११ बजेर ३० मिनेटको समयमा पैदल हिँड्दै गरेका सुनारलाई सुरक्षाजाँच गर्दा लागुऔषध गाँजा फेला पारेका थिए । प्रहरीले सुनारको साथबाट २ किलो ७ सय ग्राम लागुऔषध गाँजा बरामद गरेको थियो । लागुऔषध गाँजासहित सुनारलाई नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको प्रहरीले जानकारी दिएको छ ।

## विजुलीको तार सर्ट हुँदा आगलागी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१६, पानीस्वाँरामा बिजुलीको तार सर्ट भई आगलागी हुँदा ६ लाख बराबरको क्षति भएको छ । आइतबार बिहान ११ बजेको समयमा स्थानीय मान बहादुर घलानको एक तल्ले कच्ची घरमा बिजुलीको तार सर्ट भई आगलागी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आगलागी हुँदा घर भित्र रहेको भाँडाकुँडा, अन्नपातहरु पूर्णरुपमा जलेर नष्ट हुँदा ६ लाख बराबरको क्षति भएको थियो । आगलागीबाट मानवीय तथा चौपाया क्षति नभएको र आगो स्थानीयको सहयोगमा ३ बजे पूर्णरुपमा नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएको छ ।

## धारिलो हतियार प्रहार गरी श्रीमतीको हत्या

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-१, ग्याल्वोचौरका २७ वर्षीय रामचन्द्र बयलकोटीले धारिलो हतियार प्रहार गरी श्रीमतीको हत्या गरेका छन् । रामचन्द्रले श्रीमति २० वर्षीया पवित्रा बयलकोटीको हत्या गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार रामचन्द्रले धारिलो हतियार प्रहार गर्दा पवित्रा गम्भीर घाइते भएको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटिएर जाँदा पवित्रा घटनास्थलमै घोप्टो अवस्थामा मृत फेला परेकी थिइन् । रामचन्द्रलाई प्रहरीले नियन्त्रणमा लिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि टिचिङ अस्पताल काठमाडौं लगिएको प्रहरीले जानकारी दिएको छ ।

## बागमती गाउँपालिकामा वृहत् आँखा शिविर

# २०१ जनाको मोतिविन्दुको शल्यक्रिया




*मोतिविन्दुको शल्यक्रियापछि आँखाको पट्टी खोल्नुहुँदै बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान र हेटौंडा सामुदायिक आँखा अस्पतालका प्रमुख डा. सुनिल थकाली ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकाले पालिकामा वृहत् आँखा परीक्षण शिविरको आयोजना गरेर मोतिविन्दु पहिचान भएका गाउँवासीको निशूल्क आँखाको शल्यक्रिया गराएको छ । ९ वटा वडा रहेको पालिकाले वडास्तरमा आँखा परीक्षण शिविरको आयोजना गरेको थियो । गत मंगलबारदेखि शनिबारसम्म वडा-वडामा शिविरको आयोजना गरी एक हजार आठ सय भन्दा बढीको आँखा परीक्षण गरिएको गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख दिनेश गुप्ताले जानकारी दिनुभएको छ ।

आँखा परीक्षण गरिएका मध्ये दुई सय ६८ जनाको आँखामा मोतिविन्दुको समस्या पाइएको थियो । मोतिविन्दु पहिचान भएकाहरुलाई बागमती गाउँपालिकाको मुकाम झुरझुरेमै शल्यक्रिया शिविर राखी शनिबार र आइतबार दुईदिन शल्यक्रिया गरिएको बागमती गाउँपालिका ३ नम्बर वडा अध्यक्ष कमानसिं पाख्रिनले जानकारी दिनुभएको छ । केही विरामीको उच्च रक्तचाप, मधुमेह जस्ता स्वास्थ्य जटिलताका कारण शल्यक्रिया हुन नपाएको बताइएको छ ।

मोतिविन्दु पहिचान भएका दुई सय एकजनाको शल्यक्रिया गरिएको छ । शिविर आयोजनाका लागि हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक एवम् स्वास्थ्यकर्मीको सहयोग रहेको थियो । गाउँपालिकाले आँखा परीक्षण शिविर तथा मोतिविन्दुको शल्यक्रिया शिविर सञ्चालनको क्रममा करिब ६ लाख रुपैयाँ बजेट खर्च हुने अनुमान गरेको स्वास्थ्य शाखा प्रमुख गुप्ताले जानकारी दिनुभएको छ । बागमती गाउँपालिकाले नियमित आँखा परीक्षणका लागि बागमती-४, झुरझुरेमा आँखा केन्द्र समेत सञ्चालन गरेको छ । घरदेखि आँखाको शल्यक्रिया हुने स्थानसम्म विरामीलाई ल्याउन लैजान निशूल्क बस सेवा पनि सञ्चालन गरिएको थियो ।

**विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं**

सरकारी निकायले विज्ञापन गर्दा:

- संचारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं ।
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रशारण गरेको भए संसारमाध्यमको बीलको प्रतिलिपी संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं ।
- भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।
- विज्ञापन बोर्डमा सूचीकृत संचारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हार्दिक आभार**




यस श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारणसभा सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न गर्नु, गराउनुहुने आदरणीय सेयर सदस्यज्यूहरु, प्रमुख अतिथि, अतिथि, कर्मचारी, सहयोगी, शुभेच्छुक सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौं ।

नवराज अर्याल, अध्यक्ष
श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-४, अजरअमररोड

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**स्वादिष्ट नेवारी खाजा**

अब



होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ